# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मितिः २०८१/०४/१८

## अनुशासन सम्बन्धी उजुरी उपर सजाय गरिएको बारे ।

संस्थाका "ख" वर्गका एक सदस्यको लेखापरीक्षण फर्मको गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने क्रममा निज सदस्यले आर्थिक वर्ष २०७९/८० मा लेखापरीक्षण सम्पन्न गरी UDIN Generate गरेका विवरणहरु हेर्दा निज लेखापरीक्षकले Statutory Audit अन्तर्गत प्रवृष्ट गर्नुपर्नेमा Tax Audit अन्तर्गत प्रवृष्ट गरी UDIN Generate गरेको पाईएको र यसरी UDIN प्राप्त गरेको विवरणहरुको विश्लेषण गर्दा निज लेखापरीक्षकले लेखापरीक्षण गर्न पाउने लेखापरीक्षण संख्याको सीमा भन्दा उल्लेख्य मात्रामा बढी संख्यामा लेखापरीक्षण गरेको पाईएको (आ.व. २०७९/८० मा मिति २०८०/०२/०५ सम्ममा २००८ UDIN Generate भएको जस मध्ये गणना हुने निकायको संख्या ५७८ रहेको) ले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(२) बमोजिम कार्यकारी निर्देशकको प्रस्तावमा नीज सदस्य विरुद्ध उजुरी दर्ता भएको थियो ।

उक्त उजुरी उपर छानविन गर्दा निज लेखापरीक्षकको आफ्नो कार्यालय तथा आफ्नो एक जना पनि कर्मचारी नरहेको, निज लेखापरीक्षकले संस्थाबाट जारी भएको निर्देशनको पालना नहुने गरी तोकिएको भन्दा बढी संख्यामा संस्थालाई झुक्यानमा पार्दै फरक शिर्षक अन्तर्गत UDIN जारी गरी लेखापरीक्षण गरेको तथा सो सम्बन्धमा संस्थाबाट गरिएका पत्राचारहरुको जवाफ पेश गर्दा तथ्यगत भन्दा भावनात्मक व्यहोराहरु उल्लेख गरी तथ्यलाई तोडमोड गर्न खोजेको, संस्थाले यस विषयमा छानविन गर्न सुरु गरेपछि समेत निज लेखापरीक्षकले पुनः सोहि कार्य दोहोऱ्याई रहेको तथ्यबाट निज लेखापरीक्षकले व्यावसायिक आचरण तथा सामान्य सुझबुझ समेत नदेखाएको पाईएको तथा सो कार्यहरु सामान्य मानविय त्रुटी मात्र नभई बदनियतपूर्ण ढंगले गरेको स्पष्ट भएको र उक्त कार्यबाट समग्र लेखाव्यावसायको गरिमामा नै आँच ल्याउन सक्ने देखिएकोले निज सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४ (१), ३४(९) तथा ३४(१५), नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम ६४(ङ), लेखाव्यवसायी फर्मको मापदण्ड तथा शूल्क सम्वन्धमा सदस्यहरुलाई जारी गरिएको निर्देशिका, २०७८ को दफा ६(द) र Handbook of code of ethics ले तोकेका लेखाव्यवसायीहरुका आधारभुत सिद्धान्तहरुको विपरीत हुने गरी कार्य गरेको देखिएकोले निजले गरेको पेशागत आचार संहिताको उल्लंघनको गाम्भिर्यताका आधारमा नीज लेखापरीक्षकलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(ग) बमोजिम **पाँच (५) वर्षको लागि लेखाव्यवसाय गर्न नपाउने गरी रोक लगाउने सजाय** दिने निर्णय परिषदको मिति २०८१ असार २९ गते बसेको ३३० औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४ (२) (ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोटः*

*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

..................
सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np